"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"

ALL NEPAL FOOTBALL ASSOCIATION ANFA

# अखिल नेपाल फुटबल संघ

(फिफा/ए.एफ.सि. र रा.खे.प. बाट मान्यता प्राप्त)

पंकज बिक्रम नेम्वाङ्ग
अध्यक्ष

किरण राई
महा-सचिव

मितिः २०७९ कात्तिक २४

## प्रेस विज्ञप्ती

नेपाली राष्ट्रिय फुटबल टोलीले यहि नोभेम्बर १६, २०२२ अर्थात कात्तिक ३०, २०७९ गते पाकिस्तानको राष्ट्रिय फुटबल टोलीसँग दशरथ रंगशालामा अन्तराष्ट्रिय मैत्रीपुर्ण खेल खेल्ने कुराको जानकारी गराउदछु । फिफा डेमा हुन लागेको फिफाद्धारा मान्यता प्राप्त अन्तराष्ट्रिय खेल दशरथ रंगशालामा फ्लड लाइटमा साँझ ५ बजे शुरु हुनेछ ।

यस अघि नेपाली राष्ट्रिय फुटबल टोलीले बंगलादेश राष्ट्रिय टोलीसँग आश्विन ११ गते दशरथ रंगशालामै मैत्रीपुर्ण खेल खेलको थियो । पाकिस्तानसँगको खेलको लागि नेपाली राष्ट्रिय टोली प्रशिक्षक प्रवेश कटुवालको प्रशिक्षणमा रहेको छ । पाकिस्तानको राष्ट्रिय टोली पनि सो खेलको लागि नोभेम्बर १३ (कात्तिक २७) मा नेपाल आइपुग्नेछ । पाहुना टोलीका लागि अखिल नेपाल फुटबल संघले होटल हायात प्यालेसमा बसोबासको प्रबन्ध गरिसकेको छ ।

नेपाल र पाकिस्तानबीचको अन्तराष्ट्रिय खेल आयोजना गर्नको लागि संघले विभिन्न कमिटिहरु गठन गरेको छ । नेपाल र पाकिस्तान बीचको अन्तराष्ट्रिय खेल संचालन गर्न कुल अनुमानित बजेट रु ४८,६५,९२७ (अठचालिस लाख पैसट्ठी हजार नौसय सत्ताइस मात्र) रहेको छ । उक्त खेलको लागि साधारण पारापिट तर्फ ५०० र भीआइपी पारापिट तर्फ १,००० टिकट दर निर्धारण गरिएको छ । संघले खेलको टिकट बिक्रीको अधिकार फुटसल भिलेज प्रा. लि. लाई दिएको छ ।

एन्फाले सो खेलमा एक भाग्यशाली विजेतालाई विश्वकप फुटबल अर्न्तगत ब्राजिल र क्यामरुनबीचको खेलको एउटा टिकट पनि गोलाप्रथाद्धारा प्रदान गर्नेछ । साथै सो खेलको लागि ८० वटा भीभीआई टिकट पनिरु ५,००० का दरले बिक्री गरिदैछ ।

नेपाल र पाकिस्तानबीच हुने अन्तराष्ट्रिय मैत्रीपुर्ण खेलको मार्केटिङ्ग, बोर्डकास्टिङ्ग र डिजिटल अधिकारको बिक्रि सम्बन्धमा टेन्डर आह्वान गरिएको छ । सो खेललाई सफलतापुर्वक सम्पन्न गर्न एन्फाले सबै पक्षसँग सहयोगको अपेक्षा गरेको छ ।

सुरेश शाह
प्रवक्ता, एन्फा

एन्फा हाउस, सातदोबाटो, ललितपुर, पोष्ट बक्स नं. १२५८२, काठमाडौं, नेपाल ।
फोन नं. ९७७-१-५२०१०६०, ५-२०१०६२, ५-२०२३१९ फ्याक्स : ९७७-१-५२०१०५९, ईमेल : nep@the-afc.com

www. the-anfa.com